# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड८) जनकपुरधाम, नेपाल, बैशाख २४ गते, २०८१ साल (अतिरिक्ताङ्क१

भाग १

## मधेश प्रदेश सरकार

## उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको

## सूचना

मधेश प्रदेश सरकारको प्रदेश उद्योग व्यवस्थापन ऐन, २०७७ को अनुसूचीहरु ३, ४, ५, ६, ७ र ८ मा थप गर्ने मधेश प्रदेश सरकार

(मन्त्रिपरिषद्) बाट मिति २०८१।०१।२४ मा निर्णय भएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरेको छ ।

"मधेश प्रदेश सरकारले प्रदेश उद्योग व्यवस्थापन ऐन २०७७ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी सो ऐनको अनुसूचीमा देहाय बमोजिम हेरफेर तथा थपघट गरेको छ।

**१.अनुसूची- ३** को उर्जामूलक उद्योगमा क्रम संख्या ३ पछि देहायको क्रम संख्याहरु ४, ५ थपिएका छन:

४. चिनी उद्योगको सह-उत्पादनको रुपमा उत्पादन हुने विद्युतीय ऊर्जा,

५. ऊर्जाको सम्भाव्यता अध्ययन गर्ने।

**२. अनुसूची** - ४ को कृषि तथा वन पैदावारमा आधारित उद्योगमा क्रम संख्या २४ पछि देहायको क्रम संख्याहरु २५, २६, २७, २८, २९ थपिएका छन:

२५. कृषि उपज प्रमुख कच्चा पदार्थ हुने पशुपंक्षीको दाना उत्पादन उद्योग,

२६. स:मिल, फर्निचर लगायतका काष्ठ उद्योग,

२७. पार्केटिङ्ग, सिजलिङ्ग, ट्रिटमेण्ट प्लाण्ट, प्लाइउड, कम्पोजिट, बोर्ड जस्ता काष्ठ उद्योग,

२८. कागज, रेजिनमा आधारित उद्योग,

२९. च्याउ, नयाँ प्रविधिद्वारा बिरुवा उत्पादन गर्ने उद्योग, एग्रोफरेष्ट,

**३. अनुसुची- ५** को निर्माण उद्योगमा क्रम संख्या १८ पछि देहायको क्रम संख्याहरु १९, २०, २१ बुदाँहरु थपिएका छन:

१९. निजी वेयर हाउस,

२०. इन्धन तथा ग्यास आपूर्तिको पाइप लाइन जडानको पूर्वाधारको निर्माण, व्यवस्था तथा सञ्चालन,

२१. ऊर्जा घर तथा ऊर्जा प्रसारण लाइनको पूर्वाधार निर्माण व्यवस्थापन तथा सञ्चालन ।

४. **अनुसुची- ६** को पर्यटन उद्योगमा क्रम संख्या ९ पछि देहायको क्रम संख्याहरु १०, ११, १२, १३, १४, १५, १६ थपिएका छन:

१०. केबुलकारको निर्माण गरी सञ्चालन गर्ने उद्योग,

११. साइक्लिङ्ग,

१२. कृषि पर्यटन,

१३. वाटर पार्क,

१४. संग्रहालय,

१५. जलयात्रा (क्रुज), जलक्रिडा (वाटर इन्टरटेनमेन्ट) तथा डुङ्गा सयर (बोटिङ्ग गराउने)

१६. साहसिक पर्यटन: जिपफ्लायर, अल्ट्रालाइट, स्काईवाक, स्काइडाइभिङ्ग, पारा ग्लाइडिङ्ग

५. **अनुसुची- ७** को सूचना प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योगको खण्ड (क) मा क्रम संख्या १० पछि देहायको क्रम संख्याहरु ११, १२, १३ थपिएका छन र खण्ड (ख) मा ५ पछि देहायको क्रम संख्या ६ थपिएका छन:

**खण्ड (क),**

११. डाटा सेन्टर,

१२. डिजिटल सिग्नेचर सर्टिफाइङ्ग एजेन्सी,

१३. वेब पोर्टल, वेब डिजाइन सेवा, वेब होस्टिङ्ग, अनलाइन वर्गीकृत विज्ञापन सेवा ।

**खण्ड (ख),**

६. सामाजिक सञ्जाल, अनलाइन म्यासेज, भिडियो कल, भिडियो कन्फरेन्स ।

६. **अनुसुची- ८** को सेवामूलक उद्योगमा क्रम संख्या ५४ पछि देहायको क्रम संख्याहरु ५५, ५६, ५७, ५८, ५९, ६०, ६१, ६२, ६३, ६४, ६५, ६६, ६७, ६८, ६९ थपिएका छन:

५५. क्लिनिक, पोलिक्लिनिक, पुन स्थापना गृह सञ्चालन, फिजियोथेरापी क्लिनिक, आयूर्वेद तथा अन्य वैकल्पिक अस्पताल,

५६. शारीरिक व्यायाम, योग ध्यान तथा अभ्यास केन्द्र सञ्चालन,

५७. स्वीमिङ्ग पूल,

५८. ढुवानी सेवा,

५९. भन्सार एजेण्ट सेवा,

६०. पानी प्रशोधन सेवा,

६१. विद्युत सर्वेक्षण,

६२. विद्युतीय माध्यम ( अनलाइन वा सफ्टवेयर वा एप्स वा यस्तै अन्य प्रकारको माध्यम) को प्रयोग गरी सर्वसाधारणलाई सेवा उपलब्ध गराउने उद्योग व्यवसाय,

६३. मेशिनरी उपकरण भाडामा उपलब्ध गराउने सेवा,

६४. प्रशोधन वा प्रक्रिया नगण्य रुपमा हुने कट टु लेन्थ सिट, फोटो फिल्म स्लिटिङ्ग, फोटो, पेपर स्लिटिङ्ग, टिस्यू पेपर स्लिटिङ्ग, बल बियरिङ्ग एसेम्बली तथा बल्क रुपमा तयारी सामान आयात गरी रिप्याकिङ्ग गर्ने जस्ता सेवा व्यावसायहरु,

६५. सर्भिस अपार्टमेन्ट,

६६. फुड कोर्ट, क्याटरिङ्ग,

६७. उपकरण मर्मत तथा जडान, रेडी मिक्स कंक्रिट, निर्यात गृह, प्रविधि तथा आविष्कार केन्द्र, सुविधायुक्त कार्यालयस्थल प्रदान गर्ने सेवा,

६८. लगानी (ईन्भेष्टमेन्ट) कम्पनी,

६९. राइड सेयरिङ सेवा ।

स्वीकृत मिति २०८१।०१।२४

आज्ञाले,
सुशिल कुमार साह
तेली
नि. प्रदेश सचि